नेपाल सकार

वन तथा भू संरक्षण मन्त्रालय

# भू तथा जलाधार संरक्षण विभाग

## १. भू तथा जलाधार संरक्षण विभागको स्थापना

भू तथा जलाधार संरक्षण विभागको स्थापना वि.सं. २०३१ साल श्रावण २४ गते तत्कालीन वन मन्त्रालय अन्तर्गत भएको हो । स्थापना हुँदा यस विभागको नाम भू तथा जल संरक्षण विभाग रहेको थियो । वि.सं. २०३७ सालमा एकीकृत जलाधार व्यवस्थापनको महत्वलाई झल्काउने गरी विभागको नामाकरण भू तथा जलाधार संरक्षण विभाग गरियो । भू-संरक्षण कार्यलाई राष्ट्रिय महत्व दिई वि.सं. २०३८ सालमा वन मन्त्रालयको नाममा समेत परिवर्तन गरी वन तथा भू-संरक्षण मन्त्रालय नामाकरण गरियो । २०४६ पछिको राजनैतिक परिवर्तन पश्चात् प्रशासन क्षेत्रमा आमूल परिवर्तन गर्ने सन्दर्भमा वि.सं. २०५० मा गरिएको संगठन सुधारमा यस विभागलाई भू-संरक्षण विभाग नामाकरण गरियो । वि.सं. २०५४ सालमा पूनः विभागको नाम परिवर्तन गरी भू तथा जलाधार संरक्षण विभाग नामाकरण गरिएको छ ।

## २. विभागको उद्देश्य

(क) नेपालका महत्वपूर्ण जलाधार क्षेत्रहरुको संरक्षण तथा सम्बर्धन गरी बाढी, पहिरो, भूक्षय जस्ता प्राकृतिक प्रकोपको चाप कम गर्दै पारिस्थितिक सन्तुलन कायम राख्न सघाउ पुर्‍याउने ।

(ख) जलाधार क्षेत्रहरुको बैज्ञानिक व्यवस्थापनबाट भूक्षय कम गरी जमिनको उर्वराशक्ति कायम राख्नका साथै विकास निर्माणका पूर्वाधारहरुको संरक्षणमा सघाउ पुर्‍याउने ।

## ३. विभागको रणनीतिक कार्यशैली

- भू-सूचना प्रणाली, उपलब्ध नाप नक्शा र अन्य निकायहरुबाट प्राप्त तथ्याङ्कको आधारमा जलाधार क्षेत्रहरुका बारेमा सूचना संकलन गरी अभिलेख राख्ने र तिनलाई अध्याबधिक गर्ने कार्यमा सबै सरोकारवालाहरुको सहभागिता सुनिश्चित गर्ने ।

- सम्बद्ध सबै निकायहरुको सहयोगमा राजमार्ग, पुलपुलेसा, जलबिद्युतका जलाशय, खानेपानी र सिंचाई श्रोत जस्ता विकास निर्माणका पूर्वाधारहरु रहेका "राष्ट्रिय महत्वका जलाधारहरु" र बाढीजन्य प्रकोप, सुख्खा एवम् मरुभूमिकरण उन्मुख क्षेत्र जस्ता जोखिमपूर्ण अवस्थामा रहेका "सम्वेदनशील जलाधारहरु" को पहिचान गर्ने र प्राथमिकताका आधारमा जलाधार व्यवस्थापनका कार्यक्रमहरु सबैको सहकार्यमा सञ्चालन गर्ने ।

- वातावरण मैत्री, किफायती, ठाउँ सुहाउँदो र सजिलै प्रयोगमा ल्याउन सकिने विभिन्न खाले जलाधार व्यवस्थापनका कार्यक्रमहरुको लागि प्राविधिक निर्देशिकाहरु तयार गर्ने र तिनलाई सरोकारवालाहरुको संलग्नतामा पूर्व परीक्षण गरे पश्चात् मात्र प्रयोगको लागि सार्वजनिक गर्ने ।

- सहभागितामूलक कार्यपद्धती अपनाई प्राथमिकताको आधारमा भू-संरक्षण तथा जलाधार व्यवस्थापनका कार्यक्रमहरु सञ्चालन गर्ने, सञ्चालन सम्बन्धी नीति निर्देशिकाहरु तयार गर्ने र तत्सम्बन्धी ऐन नियम निर्माण गरी कार्यान्वयनमा ल्याउने ।

- उपभोक्ता समूह सशक्तिकरण, लाभ बाँडफाँड र संरक्षण व्यवस्थापन जस्ता प्रकृयाहरुमा महिला, उपेक्षित/पिछडिएको समुदाय, निजी,सामुदायिक, गैह्रसरकारी संघ संस्था तथा स्थानीय निकायहरुको सहभागिता सुनिश्चित गर्ने र सो को लागि आवश्यक नीति निर्देशिकाहरु तयार गर्ने ।

- जलाधार व्यवस्थापनका कार्यक्रमहरुको तर्जुमा गर्दा गरीबी न्यूनिकरणलाई प्राथमिकता दिई आय आर्जन र लैंगिक समानताको दृष्टिकोणले उपयुक्त हुने कार्यक्रमहरुमा जोड दिने ।

- मध्यमस्तरीय र उच्चस्तरीय प्राविधिक जनशक्तिको सीप तथा कार्यक्षमता अभिबृद्धि गर्ने र सो को लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा सञ्चालन गरिने जलाधार व्यवस्थापन सम्बन्धी तालिम, गोष्ठी, अध्ययन भ्रमण आदिको माध्यमहरुलाई अपनाउने ।

- स्थान र आर्थिक अवस्था सुहाउँदा जलाधार व्यवस्थापनका प्रविधिहरु विकास गर्ने, प्रविधि नमुना परीक्षण गर्ने र कार्यान्वयनको लागि सिफारिस गर्ने तथा प्रविधिहरुलाई समय अनुरुप परिमार्जन गर्दै जाने ।

- जलाधार व्यवस्थापन कार्यलाई सशक्त तवरमा आम जनतावीच लोकप्रिय बनाउन र अंगीकरण गर्न लगाउन उपयुक्त चेतनामूलक प्रचार प्रसारका कार्यक्रमहरुको तर्जुमा, छनौट र विकास गर्ने ।

- जलाधार व्यवस्थापनका कार्यक्रमहरु लक्ष्य, उद्देश्य र अपेक्षित प्रतिफल अनुरुप भए नभएको यकिन गर्न परिणाममूखी अनुगमन तथा मूल्याङकन प्रणालीको विकास गर्ने र अनुगमन तथा मूल्याङकनको नतिजाको आधारमा कार्यक्रमहरु सुधार गर्नेतर्फ पृष्ठपोषण गर्ने ।

- जलाधार व्यवस्थापनको प्रभावकारिताका लागि विभिन्न तहमा सरकारी, गैह्र सरकारी, निजी तथा दातृ संघ संस्थाहरुसँग समन्वय स्थापित गर्ने र समन्वयको ढाँचालाई आवश्यकतानुरुप परिमार्जन गर्दै लैजाने ।

- अन्तराष्ट्रिय स्तरका संगठनहरुवीच "समन्वय जालो" स्थापना गर्ने र सोको माध्यमबाट संरक्षण कार्यक्रमहरुको प्रवर्धन गर्दै जाने ।

## ४. विभागका कार्यक्रमहरु

भू तथा जलाधार संरक्षण विभागले आफ्ना कार्यक्रमहरुलाई निम्नानुसार ९ वर्गहरुमा वर्गिकरण गरी सञ्चालन गर्दै आएको छः

**(क) भू-उपयोग विकास योजना तर्जुमा**

- बृहत जलाधार व्यवस्थापन योजना तर्जुमा
- उप जलाधार व्यवस्थापन योजना तर्जुमा
- साना जलाधार व्यवस्थापन योजना तर्जुमा
- सामुदायिक श्रोत व्यवस्थापन योजना तर्जुमा

**(ख) विपत जोखिम न्यूनिकरण तथा प्राकृतिक प्रकोप व्यवस्थापन**

- पहिरो लेखाजोखा तथा अभिलेखीकरण
- पहिरो नक्सांङ्कन, सम्बेदनशीलता पहिचान तथा जोखिम न्यूनिकरण
- पहिरो उपचार
- गल्छी उपचार
- खहरे नियन्त्रण
- खोला किनारा संरक्षण

**(ग) दिगो भूमि व्यवस्थापन**

- क्षतिग्रस्त भूमि पुनरुत्थान
- भल तर्काउने नाला निर्माण
- खेतवारी संरक्षण
- फलफूल रोपण
- डालेघाँस/भूईघाँस रोपण
- नर्सरी/विरुवा उत्पादन
- भिरालो कृषि जमिनमा खेती गर्ने प्रविधि स्थल स्थापना तथा व्यवस्थापन
- संरक्षण वृक्षरोपण
- चरन सुधार
- संरक्षण समोच्च खाडल

**(घ) जल तथा थिग्रो व्यवस्थापन**

- वर्षे पानी संकलन पद्धति
- पांगो थिग्रो व्यवस्थापन
- भूमिगत जल पुनर्भरण संरचना निर्माण

**(ङ) विकासका पूर्वाधार संरक्षण**

- सिंचाई कुलो सुधार
- गोरेटो सुधार
- सडक पाखो सुदृढिकरण
- आश्रय पेटी विकास
- (भूक्षय) प्रतिरोधक पेटी विकास

**(च) जलवायु परिवर्तन अनुकुलन/समानुकुलन विकास**

- पानी मुहान संरक्षण र विकास
- जलाधार पुनर्स्थापना
- संरक्षण पोखरी
- नदीतटीय खेतीपाती
- सिमसार संरक्षण
- वर्षे खेतीपाती
- भल संचय बांध निर्माण

**(छ) समुदाय परिचालन, क्षमता विकास तथा जीविकोपार्जन सुधार**

- संरक्षण आयमूलक कार्यक्रम
- समुदाय परिचालन तथा सशक्तिकरण
- संरक्षण कृषक सञ्जाल निर्माण
- कृषिवन प्रणाली

- साझेदारी भू-संरक्षण
- लघु उद्यम विकास
- संरक्षण शिक्षा अभियान
- तालिम, गोष्ठी, अध्ययन तथा स्थलगत भ्रमण
- संरक्षण महिला तालिम, गोष्ठी, स्थलगत भ्रमण

**(ज) प्रविधि अनुसन्धान, विकास र प्रचार प्रसार**

- प्राकृतिक प्रणाली अनुगमन
- जैविक इन्जिनियरिङ्ग स्थल स्थापना र व्यवस्थापन
- संरक्षण प्रदर्शन
- संरक्षण खेतीपाती
- संरक्षण प्रदर्शनी/प्रचार प्रसार
- संरक्षण दिवस समारोह
- संरक्षण प्रचार प्रसार सामग्री उत्पादन

**(झ) अनुगमन तथा मूल्याङकन**

- भू तथा जलाधार व्यवस्थापन कार्यक्रमको अनुगमन तथा मूल्याङकन
- समन्वय गोष्ठी/बैठक
- संयुक्त अनुगमन तथा ज्ञान
- विषयमूलक अनुसन्धानको अभिलेखिकरण
- सार्वजनिक लेखापरीक्षण तथा स्व-मूल्याङकन
- अभिलेख पुनरावलोकन

## ५. कार्यक्रम कार्यान्वयन नीति

भू तथा जलाधार संरक्षण विभागले आफ्ना कार्यक्रमहरुलाई जलाधार व्यवस्थापनका मूलभूत सिद्धान्तहरु अनुरुप तर्जुमा गरिएका निम्नानुसारका कार्यनीतिहरुलाई अंगाली सञ्चालन गर्दै आएको छ ।

- विवेकपूर्ण ढंगले भू उपयोग योजना तर्जुमा गरी सही भू उपयोगको सुनिश्चित गर्ने ।
- एकीकृत जलाधार व्यवस्थापनको अवधारणा अनुरुप र जलाधारीय अवस्थाहरुको आधारमा भू तथा जलाधार व्यवस्थापनका कार्यक्रमहरु सञ्चालन गर्ने ।
- जल, कृषि र वन व्यवस्थापनका कार्यक्रमहरुलाई समेटेर एकीकृत जलाधार व्यवस्थापनका "पोटली कार्यक्रमहरु " (प्याकेज प्रोग्राम) को विकास गरी सञ्चालन गर्ने ।
- उपयुक्त प्रविधिहरुको विकास र संरक्षण शिक्षा, प्रचार प्रसार र प्रदर्शनीहरुको माध्यमबाट जलाधार व्यवस्थापनका कार्यक्रमहरुमा जनसहभागिता सुनिश्चित गर्ने ।
- उपजलाधार क्षेत्रहरुलाई कार्यक्रमहरुको तर्जुमा, व्यवस्थापन र कार्यान्वयनको एकाई मानी तिनलाई एकीकृत जलाधार व्यवस्थापनको अवधारणा अनुरुप सञ्चालन गर्ने ।
- उपल्लो तटीयक्षेत्र र तल्लो तटीयक्षेत्रवीचको अन्योन्याश्रित अन्तर सम्वन्धलाई सम्बोधन गर्ने ।
- जलाधार व्यवस्थापनको संस्थागत विकासलाई प्रवर्धन गरी मुलुकका सवै पारिस्थितिक क्षेत्र र जिल्लाहरुमा विस्तार गर्ने ।
- जल, जमिन, जङ्गल र अन्य जलाधारीय श्रोतहरुको बहुउद्देशीय प्रयोगमा जोडदिने र तिनको संरक्षण र सदुपयोगलाईं सुनिश्चित गर्ने ।
- वातावरण र विकासवीचको सन्तुलनता सुनिश्चित गर्ने र पूर्वाधार निर्माणका क्रममा हुने वातावरणीय क्षतिलाई कम गर्ने उपायहरुलाई अवलम्वन गर्ने ।
- जलाधार व्यवस्थापनसँग प्रत्यक्ष सम्वन्ध रहने वन, कृषि, पशु, जल र भूमि व्यवस्थापन जस्ता क्षेत्रहरुसँगको अन्तरसम्वन्धलाई कायम राख्दै तिनीहरुवीच 'समन्वय जालो' को स्थापना गर्ने ।
- जलाधार व्यवस्थापनका कार्यक्रमहरु सञ्चालन गर्दा जलविद्युतका बाँध, खानेपानी मुहान, सिंचाई कुलो, नदी किनारा आदिको संरक्षणमा जोड दिने ।

## ६. विभागको सोचतालिका

भू तथा जलाधार व्यवस्थापनका कार्यक्रमहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै लैजाने हेतुले विभागको लागि सोचतालिका तयार गरी मन्त्रालयस्तरबाट स्वीकृतसमेत गराई सकिएको छ । विभागले सोचतालिका अनुरुप कार्यक्रमहरुलाई क्रमिकरुपले कार्यान्वयन गर्दै लग्ने पहल गरेको छ । सोचतालिकाको लक्ष्य, उद्देश्य र पुरक उद्देश्यहरु निम्नानुसार रहेकाछन् :

**लक्ष्य**

नदीघाटीहरु (नदी प्रणाली) को दिगो जलाधार व्यवस्थापनमार्फत जनताको जीविकोपार्जन तथा कल्याणमा टेवा पुऱ्याउने ।

**उद्देश्य**

जीविकोपार्जनमा समानुपातिक एवम् दिगो तवरमा सुधार आउने गरी सहभागितात्मक जलाधार व्यवस्थापन मार्फत जल तथा जमिनको उत्पादकत्वमा बृद्धि ल्याउने तथा विकासका पूर्वाधाहरुको आयू र सेवा लम्व्याउने ।

**पुरक उद्देश्यहरु**

**पुरक उद्देश्य १ - जल तथा थिग्रोको उपज**

पानीको सञ्चिति र गुणमा अभिवृद्धि ल्याउने तथा राष्ट्रिय महत्वका र सम्वेदनशील जलाधार क्षेत्रका नदीनाला, ताल र जलाशयहरुमा हुने थिग्रिकरणलाई कम गर्ने ।

**पुरक उद्देश्य २ - भूमि उत्पादकत्व**

सहभागितामूलक भू तथा जलाधार व्यवस्थापनद्वारा भूमि उत्पादकत्व एवं जैविक विविधतामा बृद्धि ल्याउने ।

**पुरक उद्देश्य ३ - भूक्षयको प्रकोपबाट सुरक्षा**

जनताहरुको सहभागिता र सहकार्यमार्फत विकास निर्माणका पूर्वाधारहरुलाई भूक्षयको प्रकोपबाट जोगाउने ।

**पुरक उद्देश्य ४ - संस्थागत विकास**

जलाधार व्यवस्थापनसँग सम्वन्धित सरकारी, गैह्रसरकारी, सामुदायिक र निजी संस्थाहरुको संस्थागत विकास गर्ने

**पुरक उद्देश्य ५ - कार्यक्रम व्यवस्थापन**

भू तथा जलाधार व्यवस्थापनका कार्यक्रमहरुलाई प्रभावकारीरुपले व्यवस्थापन गर्ने ।

## ७. भू तथा जलाधार संरक्षणको विस्तार

स्थापना कालमा केही जिल्लाका सीमित जलाधार क्षेत्रहरुमा आयोजनाहरु मार्फत काम थालनी गरेको भू तथा जलाधार संरक्षण विभागले समयसँगै आफ्नो कार्यक्षेत्रको विस्तार क्रमिकरुपमा गर्दै लगेको छ । यस विभागले केही वर्ष अघिसम्म स्थायी र अस्थायी रुपमा रहेका ५६ जिल्ला भू-संरक्षण कार्यालयहरु मार्फत आफ्ना कार्यक्रमहरु सञ्चालन गर्दै आएकोमा नेपाल सरकारद्वारा स्वीकृत नयाँ संगठन संरचना अनुसार आ.व. २०७१।०७२ देखि ६१ जिल्लाहरुमा स्थापना गरिएका स्थायी जिल्ला भू-संरक्षण कार्यालयहरु मार्फत आफ्नो सेवा सञ्चालन गर्न थालेको छ । यी जिल्लाहरु मध्ये १२ हिमाली तथा उच्च पहाडी क्षेत्रमा, ३५ वटा पहाडी क्षेत्रमा र १४ वटा तराई क्षेत्रमा पर्दछन् । यस विभागमा जलाधार व्यवस्थापनसँग सम्वन्धित विभिन्न प्राविधिक विषयका अधिकृत १९९, मध्यमस्तरीय प्राविधिक १३४, प्रशासनिक र अन्य ३१४ समेत गरी जम्मा जम्मी ६४७ जनशक्ति कार्यरत रहेका छन् ।

नेपाल सरकारको आन्तरिक श्रोतबाट सञ्चालन हुने जिल्ला भू-संरक्षण कार्यक्रमको अलावा राष्ट्रिय अनि अन्तराष्ट्रिय तवरमा दुई पक्षीय र बहुपक्षीय दातृ संस्थाहरुको सहयोगमा सन्चालित कार्यक्रमहरु जस्तै राष्ट्रपति चुरे-तराई मधेश संरक्षण कार्यक्रम, सामुदायिक विकास तथा वन/जलाधार संरक्षण कार्यक्रम, पर्वतीय जलाधारहरुको जल वायु परिवर्तन समानुकुलन आयोजना र हरियो वन कार्यक्रम आदि मार्फत पनि जलाधार व्यवस्थापन सेवाको विस्तार भै रहेको छ ।

जलाधार व्यवस्थापनका बहुआयामिक समस्याहरुको समाधानको लागि विभागमा वन, कृषि, भूगर्भ, इन्जिनियरिङ्ग, वाली विकास र पारिस्थितिक विज्ञान (इकोलोजिष्ट) लगायतका बहुविषयक विशेषज्ञहरुको टोली सम्मिलित रहँदै आएका छन् ।

## ८. राष्ट्रिय नीतिहरुमा भू तथा जलाधार व्यवस्थापनको सन्दर्भ

## ८.१ वन नीति २०७१

नेपाल सरकारबाट मिति २०७१ माघ २० मा स्वीकृत भएको वन नीति २०७१ को नीति नं. ३ मा दिगो जलाधार व्यवस्थापनको लागि निम्नानुसार नीति, रणनीति र कार्यनीति तय गरिएको छ ।

**नीति**

जल तथा भूमिको संरक्षणबाट भूमिको उत्पादकत्व वृद्धि गर्न जलाधार क्षेत्रको एकीकृत संरक्षण र व्यवस्थापन गर्ने ।

**रणनीति**

- नदी प्रणालीमा (River basin) आधारित बृहत् जलाधार क्षेत्रको अवधारणा अनुसार जलाधार क्षेत्रको संरक्षण एवं व्यवस्थापन गर्ने ।
- सम्वेदनशील जलाधारलाई संरक्षित जलाधार क्षेत्र घोषणा गरी जमिनको उपयुक्तताका आधारमा व्यवस्थापन गर्ने ।
- चुरे, तराई र मधेश क्षेत्रको पारिस्थितिकीय प्रणालीको एकीकृत रुपमा दिगो व्यवस्थापन गर्ने ।
- सिमसार क्षेत्रको पहिचान, अभिलेखीकरण तथा व्यवस्थापन गर्ने ।

**कार्यनीति**

- भूक्षय, बाढी, पहिरो, मरुभूमिकरण न्युनिकरण तथा नदी नियन्त्रणको लागि जलाधार क्षेत्रको पहिचान, वर्गीकरण र प्राथमिकीकरण गरिने छ ।

- प्राथमिकताको आधारमा कार्ययोजना बनाई उपल्लो तथा तल्लो तटीय क्षेत्रको सम्बन्ध स्थापित हुने गरी जनसहभागितामूलक भू तथा जलाधार संरक्षणका कार्यक्रम सञ्चालन गरिने छ।
- कार्यमूलक अनुसन्धानबाट कम खर्चिलो भू तथा जल संरक्षण र कृषि वन प्रणालीको विकास गरी प्रविधि हस्तान्तरण गरिने छ।
- खाद्य उत्पादन र सुरक्षामा योगदान पुऱ्याउन वन र कृषि प्रणालीबीच सामञ्जस्य कायम गरी भू-संरक्षणका कार्यक्रम सञ्चालन गरिने छ।
- चुरे, तराई, मधेश लगायतका सम्पूर्ण क्षेत्रलाई राष्ट्रिय भू उपयोग नीति अनुरुप वर्गीकरण गरी नदी प्रणालीमा आधारित एकीकृत संरक्षण तथा व्यवस्थापन कार्यक्रम सञ्चालन गरिने छ।
- सबै सिमसारको पहिचान तथा वर्गीकरण गरी संरक्षण तथा व्यवस्थापन गर्ने जिम्मेवार निकाय तोकी क्षमता अभिवृद्धि गरिने छ।
- सिमसार र सिमसारको जलाधार क्षेत्रको जैविक विविधताको संरक्षण र दिगो उपयोगको लागि सहभागितामूलक ढंगले संरक्षण गरिने छ।

## ९. विभागको सङ्गठनात्मक संरचना

- भू-संरक्षण तथा जलाधार व्यवस्थापन कार्यक्रमहरु सञ्चालन गर्नको लागि केन्द्रीयस्तरमा भू तथा जलाधार संरक्षण विभाग र जिल्लास्तरमा जिल्ला भू-संरक्षण कार्यालयहरु रहेका छन्।

### ९.१ केन्द्रियस्तर: भू तथा जलाधार संरक्षण विभाग

- केन्द्रमा विभागीय प्रमुखको रुपमा रा.प. प्रथम श्रेणी, वन सेवाको प्राविधिक महानिर्देशक रहने व्यवस्था रहेको छ। महानिर्देशक अन्तरगत महाशाखा, शाखाहरु र जिल्ला भू-संरक्षण कार्यालय रहेका छन्। २०७१ मंसिर २५ मा स्वीकृत नयाँ संङ्गठन अनुसार यस विभागमा १ वटा जलाधार व्यवस्थापन महाशाखा छ भने ९ वटा शाखाहरु छन्। महाशाखा प्रमुखको रुपमा रा.प. प्रथम श्रेणी, वन सेवा, स्वा.ए.वा.कं. समूहको प्राविधिक उपमहानिर्देशक रहने व्यवस्था रहेको छ। जलाधार व्यवस्थापन महाशाखा अन्तरगत प्रविधि विकास शाखा, जलाधार सूचना प्रणाली विकास शाखा, भू-संरक्षण शाखा, प्रचार प्रसार तथा तालिम शाखा र जल वायु परिवर्तन व्यवस्थापन शाखा गरी ५ शाखाहरु रहेका छन् भने योजना शाखा, अनुगमन तथा मूल्याङ्कन शाखा, कर्मचारी प्रशासन तथा आन्तरिक व्यवस्थापन शाखा र आर्थिक प्रशासन शाखा सोझै महानिर्देशक अन्तरगत राखिएका छन्।

**विभागको सङ्गठन स्वरुप**




### ९.२ जिल्लास्तर: जिल्ला भू-संरक्षण कार्यालयहरु

जिल्लास्तरमा ६१ जिल्लामा स्थायी जिल्ला भू-संरक्षण कार्यालय स्थापना भई भू-संरक्षण तथा जलाधार व्यवस्थापनका कार्यक्रमहरु सञ्चालन भैरहेका छन्। जिल्लामा स्थापना भएका कार्यालयहरुमध्ये ३८ वटा कार्यालयहरु "क" वर्गका र २३ वटा कार्यालयहरु "ख" वर्गका छन्।

**'क' वर्गका जिल्ला भू संरक्षण कार्यालयहरु**

'क' वर्गका जिल्ला भू-संरक्षण कार्यालयहरु रहेका ३८ जिल्लाहरु छन् जसमा- इलाम, झापा, मोरङ्ग, धनकुटा, उदयपुर, सिरहा, सप्तरी, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, मकवानपुर, सिन्धुली, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, ललितपुर, काठमाडौं, नुवाकोट, धादिङ्ग, गोरखा, तनहुँ, लम्जुङ्ग, कास्की, पाल्पा, स्याङ्गजा, बाग्लुङ्ग, म्याग्दी, गुल्मी, रुपन्देही, नवलपरासी, दाङ्ग, सुर्खेत, सल्यान, डोटी, डडेलधुरा, कैलाली र कन्चनपुर पर्दछन् ।

'क' वर्गका कार्यालयहरुमा रा.प.द्वितीय श्रेणीको प्राविधिक कर्मचारी कार्यालय प्रमुख रहने गरी १० वटा दरवन्दी रहेको छ । यी कार्यालयहरु मध्ये सर्लाही र कैलाली जिल्लामा इन्जि सेवा सिभिल समूह इरिगेशन उपसमूह/कृषि सेवा एग्रोनोमी समूहका रा.प.द्वितीय श्रेणीको प्राविधिक कर्मचारी कार्यालय प्रमुख रहने व्यवस्था छ भने बांकी ३६ जिल्लामा वन सेवा स्वा.ए.वा.कं.समूहका रा.प.द्वितीय श्रेणीको प्राविधिक कर्मचारी कार्यालय प्रमुख रहने व्यवस्था छ ।

**'ख' वर्गका जिल्ला भू संरक्षण कार्यालयहरु**

'ख' वर्गका जिल्ला भू-संरक्षण कार्यालयहरु रहेका २३ जिल्लाहरु छन् जसमा- तेह्रथुम, ताप्लेजुङ्ग, पाँचथर, भोजपुर, संखुवासभा, खोटाङ्ग, ओखलढुङ्गा, रामेछाप, दोलखा, रसुवा, अर्घाखांची, पर्वत, मुस्ताङ्ग, प्यूठान, रुकुम, रोल्पा, जुम्ला, दैलेख, दार्चुला, वैतडी, बझाङ्ग, बाजुरा र अछाम पर्दछन् । । 'ख' वर्गका यी कार्यालयहरुमा रा.प.तृतीय श्रेणीको प्राविधिक कर्मचारी कार्यालय प्रमुख रहने गरी ९ वटा दरवन्दी रहेका छन् ।

'ख' वर्गका २३ वटा जिल्ला भू-संरक्षण कार्यालयहरु मध्ये ताप्लेजुङ्ग, रामेछाप, अर्घाखांची, प्यूठान र बैतडीमा कृषि सेवा एग्रोनोमी समूहका रा.प.तृतीय श्रेणीका प्राविधिक कर्मचारी कार्यालय प्रमुख रहने व्यवस्था छ । यसैगरी खोटाङ्ग र बाजुरामा इन्जि. सेवा सिभिल समूह इरिगेशन उपसमूहका रा.प.तृतीय श्रेणीका प्राविधिक कर्मचारी कार्यालय प्रमुख रहने व्यवस्था छ, मुस्ताङ्ग जिल्लामा वन सेवा जनरल फरेष्ट्री समूहका रा.प.तृतीय श्रेणीको प्राविधिक कर्मचारी कार्यालय प्रमुख रहने व्यवस्था छ भने बांकी १५ जिल्लामा वन सेवा स्वा.ए.वा.कं. समूहका रा.प.तृतीय श्रेणीका प्राविधक कर्मचारी कार्यालय प्रमुख हुने व्यवस्था छ ।

**जिल्ला भू-संरक्षण कार्यालयको संङ्गठन स्वरुप**




## १०. विभाग तथा जिल्ला भू संरक्षण कार्यालयको दरवन्दी विवरण

विभागमा राजपत्रांकित, राजपत्रअनंकित र अन्य गरी जम्मा ६० वटा दरवन्दी रहेको छ भने 'क' र 'ख' दुवै वर्गका जिल्ला भू-संरक्षण कार्यालयतर्फ जम्मा ५८७ दरवन्दी रहेको छ । यसरी विभाग र जिल्ला भू-संरक्षण कार्यालयहरुमा समेत गरी कूल दरवन्दी संख्या ६४७ रहेको छ ।

**भू तथा जलाधार संरक्षण विभाग र जिल्ला भू-संरक्षण कार्यालयको दरवन्दी विवरण**

| क्र. स. | श्रेणी | दरवन्दी (पद) संख्या | | |
|---|---|---|---|---|
| | | विभाग | जिल्ला | जम्मा |
| १ | रा.प.प्र.प्रा. | २ | - | **२** |
| २ | रा.प.द्वि.प्रा. | ७ | ३८ | **४५** |
| ३ | रा.प.द्वि.प्र. | २ | - | **२** |
| ४ | रा.प.तृ.प्रा. | १५ | १३७ | **१५२** |
| ५ | रा.प.तृ.प्र. | २ | - | **२** |
| ६ | रा.प.अनं.प्र.प्रा. | ४ | १३० | **१३४** |
| ७ | रा.प.अनं.प्र.प्र. | ९ | ९२ | **१०१** |
| ८ | रा.प.अनं.द्वि.प्र. | ३ | ३० | **३३** |
| ९ | हलुका सवारी चालक | ५ | ३८ | **४३** |
| १० | कार्यालय सहयोगी (श्रेणी विहिन) | ११ | १२२ | **१३३** |
| | **जम्मा** | **६०** | **५८७** | **६४७** |

## ११. नागरिक बडा पत्र :

| सेवाको किसिम | सेवा प्राप्त गर्न पेश गर्नु पर्ने विवरण | सेवा प्राप्त गर्न लाग्ने | | सेवा दिने कर्मचारी | उजुरी सुन्ने कर्मचारी |
|---|---|---|---|---|---|
| | | शुल्क | समय | | |
| भू संरक्षण सम्बन्धी परामर्श | लिखित अनुरोध | निशुल्क | सेवाको प्रकृती हेरी ७ दिनदेखि ३ महिनासम्म | कार्यान्वयन शाखाका सम्वन्धित प्राविधिक कर्मचारी | जि.भू.सं.अ |
| प्राकृतिक प्रकोप रोकथाम | प्राकृतिक प्रकोप पिडितले गा.वि.स को सिफारिस साथ निवेदन पेश गनु पर्ने । | .. | प्राविधिक फिल्ड प्रतिवेदन प्राप्त भए पछि प्राथमिकताको आधारमा चालु आ.व. वा अर्को आ.व मा | .. | .. |
| विकासका पूर्वाधार संरक्षण | कुलो मर्मत सडक पाखो संरक्षण खोला किनारा सुद्धिढिकरण सेन्टर वेल्ट बनाउन परेमा उपभोक्ताहरुको सामुहिक निवेदन गा.वि.सको सिफारिस पनि पेश गनु पर्ने । | .. | .. | .. | .. |
| भूमी उत्पादकत्व संरक्षण खेतबारी संरक्षण क्षतिग्रस्त भूमि पुनस्थापना डालेघांस। भुई घांस फलफुल रोपण | प्रभावित र इच्छुक किसानहरुले सामुहिक रुपमा निवेदन गा.वि.सको सिफारिस । निजी जग्गामा कार्यक्रम सन्चालन गर्नु पर्ने भए लालपुर्जाको नक्कल आवश्यक पर्ने । | .. | .. | .. | .. |
| पानी मुहान संरक्षण | समवन्धित उपभोक्ताहरुले सामुहिक निवेदन र गा.वि.स को सिफारिसपेश गर्नुपर्ने । | .. | .. | .. | .. |
| साना जलाधार प्रदर्शन स्थल स्थापना | कुनै संवेदनशील साना जलाधार क्षेत्रलाई नमुना स्थल बनाउन चाहेमा सामुहिक निवेदन र गा.वि.सको सिफारि पेश गर्नु पर्ने । | .. | .. | .. | .. |
| संरक्षण आयमुलक कार्यक्रम | ईच्छुक मेहनति किसानहरुले सामुहिक निवेदन र गा.वि.स को सिफारिस पेश गनुपर्ने । | .. | .. | .. | .. |
| भू संरक्षण संरक्षण खेतीपाती तालिम । भ्रमण । गोष्ठी | कार्यक्रममा परेका भू संरक्षण उपभोक्ता समूहलाई जानकारी गराएपछि समूहले निर्णय गरि व्यक्ति छनौट गरि सिफारिस साथ पठाएमा सहभागी गराउन सकिने | .. | चालु आ.व. वा अर्को आ.व.को स्वीकृत वार्षिक कार्यक्रम र वार्षिक कार्य योजनाले निर्धारण गरेको समय | प्रचार प्रसार शाखा का सम्वन्धित कर्मचारी | .. |
| विद्यालय संरक्षण शिक्षा | कुनैपनि गा.वि.स वा विद्यालयले आफ्नो विद्यालयमा संरक्षण शिक्षाको आवश्यकता परेमा माग्न सक्ने । | .. | कार्यक्रम र विद्यालयको प्रतिवद्धताको आधारमा चालु आ.व. मा वा अर्को आ.व. मा । | .. | |
| संरक्षण दिवस । समारोह | चेतना मुलक रुपमा विभिन्न संरक्षण दिवस समारोह मनाउन चाहेमा प्रतिवद्धता सहितको निवेदन दिनु पर्ने | .. | सामुहिक प्रतिवेदनको आधारमा चालु आ.व. मा वा अर्को आ.व. मा | .. | .. |
| बिरुवा उत्पादन । बिरुवा खरिद । वितरण | व्यक्तिगत वा समूहगत रुपमा निवेदन पेश गर्नु पर्ने । | .. | बिरुवा भए सम्म चालु आ.व. मा नै नभए अर्को आ.व. मा | .. | .. |
| प्रचार प्रसार सामाग्री। उत्पादन । खरिद । वितरण | मौखिक रुपमा वा लिखित रुपमा निवेदन दिई माग गर्न सक्ने | .. | सामाग्री भए चालु आ.व. मा नै | .. | .. |
| मर्मत तथा सुधार | उपभोक्ताहरुले जिल्ला भू संरक्षण कार्यालयको सहयोगमा सम्पन्न गरेका संरक्षण कार्यहरुको मर्मत सुधार गर्न सहयोग चाहिएमा सम्वन्धित उपभोक्ता समितिले लिखित निवेदन दिनु पर्ने । | .. | प्राविधिक फिल्ड प्रतिवेदन प्राप्त भए पछि प्राथमिकताको आधारमा चालु आ.व. वा अर्को आ.व मा | कार्यान्वयन शाखाका सम्वन्धित प्राविधिक कर्मचारी | .. |